संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५४

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:५९ बजे*
*बैठक स्थगित : १:५३ बजे*

२०७९ भदौ २१, मङ्गलबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **चवन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:५९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयोः

**माननीय अनिता देवकोटा**ले संविधानको धारा ३८ ले समानताको हक व्यवस्था अनुरूप आगामी चुनावमा प्रत्यक्ष तर्फ महिलालाई अत्यधिक अवसर प्रदान गरी विजयी गराउने वातावरण बनाउन सरकार समक्ष माग गर्नुभयो । साथै डेङ्गुको संक्रमण नियन्त्रण गर्नका लागि सरकारले विशेष पहल गर्नु पर्ने विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय दिल कुमारी रावल थाप (पार्वती)** ले सरकारी विद्यालयमा कार्यरत कर्मचारी आन्दोलनरत रहेका कारण विद्यालय बन्द भएको जानकारी प्रस्तुत गर्नुहुँदै देश भर कार्यरत विद्यालय कर्मचारीलाई समान तहको तलब व्यवसथा गर्न र शिक्षा क्षेत्रमा देखिएको वेथितीको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय नन्दा चपाईं**ले अवस्थित सवारी साधनको व्यवस्थापन गर्नका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय डा. विमला राई पौड्याल**ले एक जना मन्त्रीले सुरक्षाकर्मीसँग गरिएको व्यवहार अपमानजनक भएकाले उहाँले सार्वजनिक रूपमा माफी माग्नु पर्ने विषय उजागर गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बीमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्माले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बीमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा

छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयोः

- मा. तुलसा कुमारी दाहाल
- मा. देवेन्द्र दाहाल

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बीमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बीमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्माले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयोः

- मा. जितेन्द्र नारायण देव
- मा. देवेन्द्र दाहाल

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ पेश गर्नुभयो । लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बीमा विधेयक, २०७५" र "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने ब्यहोरा जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

ततपश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "कारागार विधेयक, २०७६" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा उक्त छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनुभयो:

- मा. डा. विमला राई पौड्याल
- मा. भुवन बहादुर सुनार

ततपश्चात् सम्माननीय अध्यक्षले उक्त छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सर्वसम्मतले उक्त संशोधनहरू स्वीकृत भएको घोषणा गर्नुभयो।

ततपश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लिखित संशोधनहरु "कारागार विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त संशोधनहरू कारागार विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ५१ सम्मका दफाहरु प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त कारागार विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले देहाय बमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो:

"**प्रस्तावनाः** कारागारको स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कारागार ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।"

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

ततपश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल भदौ २६ गते आइतबार अपराह्न १२:५९ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव